**पोखरा उपत्यका साइडसिन घुम्न जाऔं**

**घुमाउने ठाउँहरू**

बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्कः **मानसरोबर टुर्स एण्ड ट्राभल्स**
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ६१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत २ गते शनिबार ❑ 15 March. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## व्यावहारिक शिक्षासँगै बाजा बजाएर आत्मनिर्भर बन्दै विद्यार्थी

**पोखरापत्र संवाददाता**
दमौली, १ चैत

शुक्लागण्डकी नगरपालिका-९ स्थित तालवेसी माध्यमिक विद्यालयले व्यावहारिक शिक्षासँगै प्रयोगात्मक सीप सिकाउन थालेपछि यहाँका विद्यार्थी आत्मनिर्भर हुन थालेका छन् ।

विद्यालयका विद्यार्थी पछिल्लो समय लोकबाजामा आत्मनिर्भर हुन थालेका हुन् । विद्यालयले पछिल्लो समय विद्यार्थीको क्षमतालाई पहिचान गर्दै लोक संस्कृति संरक्षण गर्ने उद्देश्यले नौमती बाजाको व्यवस्थापन गरेपछि विद्यार्थी उत्साहित भएका छन् । कक्षा ६ देखि ८ सम्मका विद्यार्थीको सक्रिय सहभागितामा विद्यालयमा तालबैंसी बाजा समूह गठन गरिएको प्रधानाध्यापक ध्रुव वाग्लेले जानकारी दिनुभयो । विद्यालयको सांस्कृतिक, शैक्षिक एवं अन्य शुभकार्यमा समेत विद्यार्थीले नौमती बाजा बजाउन थालेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "व्यावहारिक शिक्षासँगै प्रयोगात्मक सीप सिकाएपछि विद्यार्थी नौमती बाजा बजाउन सक्ने भएका छन् । विद्यार्थीको प्रतिभा देखेर अभिभावक पनि दङ्ग छन् ।" कक्षा ७ का विद्यार्थी सुकबहादुर विकको संयोजकत्वमा कक्षा ७ का विद्यार्थी सुसन सुनार, सिजन विक, कृष्ण सुनार, सुदीप बैदास, निशान थापा र कक्षा ८ का विद्यार्थी रूविन बैदास,



अर्विन परियार र प्रसुन पौडेल रहेको तालबैंसी बाजा क्लब गठन भएको छ । सधैँ किताबमात्र पढ्ने र लेख्ने गर्दा सिर्जनशील हुन नसकेको बताउँदै विद्यालयले बाजा व्यवस्था गरेपछि आफूलाई आवश्यक पर्ने सामान्य कापी, कलम किन्ने खर्च व्यवस्थापनमा सहजता भएको बाजामा संलग्न विद्यार्थी अर्विन परियारले बताउनुभयो । उहाँले भन्नुभयो, "सानैदेखि वाद्यवादन क्षेत्रमा रमाउने इच्छा विद्यालयले पूरा गराउन खोजेकामा विद्यालयलाई धेरै धन्यवाद दिन चाहन्छु ।"

आफू सानै उमेरमा सिर्जनशील हुन खोजेको बताउँदै वडामार्फत विद्यालयले बाजाको सेट उपलब्ध गराएपछि व्यावसायिकतर्फ अगाडि बढेको समूहका संयोजक सुकबहादुर विकले बताउनुभयो । उहाँले भन्नुभयो, "घरमा पनि एक न एक काममा व्यस्त रहन्थे । हाल शुक्लागण्डकी नगरपालिका-९ ले बाजाको सेट उपलब्ध गराएपछि मलाई व्यावसायिकतातर्फ अगाडि बढ्ने बाटो खुलेको छ ।" विद्यालयले अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दाबाहेक अन्य सवालमा नियमित बाजाको प्रयोग बढेको विकको भनाइ छ ।

विद्यालयको सेवा क्षेत्रमा दलित बस्ती बढी भएको र यो क्षेत्रको सम्भावना पनि बाजासँग सम्बन्धित लोक संस्कृतिको क्षेत्र फराकिलो भएको हुँदा बाजाको कार्यक्रमलाई प्राथमिकता दिइएको शुक्लागण्डकी नगरपालिका-९ का वडाध्यक्ष धनबहादुर थापाले बताउनुभयो । उहाँले भन्नुभयो, "विद्यालयको मागलाई पहिलो प्राथमिकतामा राख्दै विद्यार्थी भाइबहिनीको क्षमतालाई प्रस्फुटन गर्न सहज हुने कार्यक्रमलाई वडा कार्यालयले महत्व दिएको छ । विद्यार्थी भनेका भविष्यका कर्णधार हुन् । हामीले बनाउने योजना दीर्घकालीन हुनुपर्छ ।"

विद्यार्थी पहिचानको क्षेत्रलाई फराकिलो बनाउँदै विद्यार्थीको आफ्नो क्षमता उजागर गराउन विद्यालय प्रतिबद्ध रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विनोद राउतले बताउनुभयो । उहाँले विद्यार्थीको क्षमता पहिचान गर्दै व्यावहारिक शिक्षातर्फ विद्यालय अगाडि बढेको उल्लेख गर्नुभयो ।

वडाको एकमात्र मावि भएको र विद्यालयको भौतिक, शैक्षिक एवं वातावरणीय पक्षको विकासका लागि स्थानीय सरकार तल्लीन रहेको वडा सदस्य एवं विद्यालय व्यवस्थापन समितिका सदस्य कमल थापाले बताउनुभयो । विद्यालयका अतिरिक्त क्रियाकलाप संयोजक शिक्षक दामोदर रेग्मीले सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा अध्यापनका लागि बाजा अपरिहार्य रहेको र विद्यालय भनेको लोक संस्कृतिको जर्गेना गर्ने महत्त्वपूर्ण क्षेत्र भएको हुँदा लोक बाजाको कार्यक्रम विद्यालयको लागि महत्त्वपूर्ण रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "कक्षा ६ देखि ८ सम्मका नौ जना विद्यार्थी भाइहरूको एक समूह छ जसले लोक बाजालाई सञ्चालन र व्यवस्थापन गर्ने जिम्मा लिएको छ । विद्यालयको मात्र नभई शुक्लागण्डकी नगरपालिकाको विभिन्न कार्यक्रम र तनहुँ जिल्लास्तरीय १६औं राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको उद्घाटनसत्रमा पनि विद्यार्थी भाइहरूले कुशलतापूर्वक बाजा बजाई आफ्नो कलाकौशल प्रदर्शन गरेका थिए ।"

## गण्डकी प्रदेश सरकारको २८ प्रतिशत खर्च

**पोखरापत्र संवाददाता**
पोखरा, १ चैत

गण्डकी प्रदेश सरकारले चालु आर्थिक बर्ष २०८१/०८२ को ८ महिनामा २८ प्रतिशत मात्र बजेट खर्च गर्न सफल भएको छ ।

गण्डकी प्रदेशको प्रदेश लेखा नियन्त्रक कार्यालयले दिएको तथ्याङ्क अनुसार फागुन मसान्तरसम्म गण्डकी प्रदेशमा करिब २८.१४ प्रतिशत मात्र बजेट खर्च भएको छ । गण्डकी प्रदेश सरकारले आर्थिक बर्ष २०८१/०८२ को लागि ३२ अर्ब ९७ करोड ८५ लाख ७५ हजारको बजेट विनियोजन गरे पनि ८ महिनामा २८ प्रतिशतले ९ अर्ब २८ करोड २९ लाख ३४ हजार ४ सय ६७ रुपैया खर्च गर्न सफल भएको कार्यालयले जनाएको छ । जसमध्य चालु तर्फ ३१.१२ प्रतिशत र पुंजिगत तर्फ भने २६.५७ प्रतिशत मात्र बजेट खर्च भएको गण्डकी प्रदेशको प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रमुख एवं प्रदेश लेखा नियन्त्रक सुरेश सुवेदीले बताउनु भयो । धेरै योजनाहरु हाल चालु अबस्थामा रहेको आर्थिक बर्ष सकिने अबस्थामा बजेट फस्यौट हुँदा अन्तिम समयमा बढी खर्च हुने गरेको उहाँले जनाउनु भयो ।

उक्त बजेटको चालु तर्फ ३९.९१ प्रतिशत अर्थात १३ अर्ब १६ करोड ५ लाख ८२ हजार बजेट विनियोजन भएको छ भने त्यसै गरी पूँजिगत तर्फ ५९.१९ प्रतिशतले १९ अर्ब ५१ करोड ७९ लाख ९३ हजारको बजेट विनियोजन गरिएको छ ।

प्रदेश सरकारका ९ वटा मन्त्रालयहरु मध्य सबै भन्दा धेरै बजेट अर्थात ३८.५१ प्रतिशतले बजेट भएको भौतिक पूर्वाधार विकास तथा यातायात व्यबस्था मन्त्रालयमा चालु बर्षको ८ महिनामा ३ अर्ब ५६ करोड ६७ लाख ६४ हजार ८ सय ७० रुपैया खर्च गर्न सफल भएको छ । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको नेतृत्वमा रहेको प्रदेश सरकारले दुई ठुला दलको सत्ता गठबन्धनबाट बनेको सरकार भए पनि अपेक्षाकृत विकास गर्न नसकेको स्थानियले गुनासो गर्नु भएको छ । प्रदेश सरकारले नयाँ बजेट बनाउने कार्य सुरु गरेको आर्थिक मामिला मन्त्री डा.टकराज गुरुङले बताउदै आउनु भएको छ ।

## समाजवादी मोर्चाले नागरिक समाज र बुद्धिजीवीसँग छलफल गर्ने

**रासस**
काठमाडौं, १ चैत

समाजवादी मोर्चा नेपालले पछिल्लो राजनीतिक परिस्थितिका बारेमा शनिबार नागरिक समाज र बुद्धिजीवीसँग छलफल गर्ने भएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को केन्द्रीय कार्यालय आलोकनगरमा शुक्रबार बसेको मोर्चाको १२औं केन्द्रीय कार्यसमिति बैठकले उक्त निर्णय गरेको हो ।

मोर्चाले शनिबार नै पत्रकारसँग पनि अन्तरक्रिया गर्ने भएको छ । संसद्वादी दल र संसद् बाहिर रहेका राजनीतिक दल र नेतृत्वसँग राजनीतिक संवाद अघि बढाउने मोर्चाको निर्णय छ । "राष्ट्रिय स्वाधीनता र गणतन्त्रको रक्षा एवं समाजवादतर्फको यात्रालाई दृढतापूर्वक अघि बढाउने वातावरण बनाउन बृहत् राजनीतिक पहल लिने निर्णय गरेको छ", नेपाल कम्युनिष्ट पार्टीका प्रवक्ता खड्कबहादुर विश्वकर्माले भन्नुभयो । बैठकले यही चैत १५ गतेका लागि तय भएको विरोधसभा र जनप्रदर्शनलाई


**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## मुग्लिन-पोखरा सडक स्तरोन्नति: ७३ किलोमिटर कालोपत्र

**पोखरापत्र संवाददाता**
दमौली, १ चैत

मुग्लिन-पोखरा सडक योजनाअन्तर्गत पूर्वी खण्डमा हालसम्म ७३ दशमलव ११ किलोमिटर कालोपत्र सकिएको छ । तनहुँको आँबुखैरेनीदेखि जामुनेसम्मको पूर्वी खण्डमा हालसम्म चार लेन र दुई लेन गरी ७३ दशमलव ११ किलोमिटर दूरीमा कालोपत्र भएको हो ।

पूर्वी खण्डका इञ्जिनियर विष्णुप्रसाद पाण्डेका अनुसार यो खण्डमा चार लेनतर्फ ३४ दशमलव ९८ र दुई लेनतर्फ ३ दशमलव १५ किलोमिटर दूरीमा कालोपत्र सकिएको छ । पाण्डेले भन्नुभयो, "हालसम्म कालोपत्र भएको खण्डलाई दुई लेनमा हिसाब गर्दा ७३ दशमलव ११ किलोमिटर दूरी कालोपत्र भएको छ ।" गत फागुन १६ गतेसम्म यस खण्डको भौतिक प्रगति ७८ दशमलव ९५ प्रतिशत पुगेको छ भने वित्तीय प्रगति ५९ दशमलव २५ प्रतिशत छ । पाण्डेका अनुसार यस खण्डमा चार लेनतर्फ २० दशमलव १६ किलोमिटर दूरीमा अन्तिम कालोपत्रसमेत भइसकेको छ भने दुई लेनतर्फ १२ दशमलव ३२ किलोमिटर खण्डमा



अन्तिम कालोपत्र सकिएको छ । पूर्वी खण्डअन्तर्गत यतिबेला सदरमुकाम दमौली बजारमा समेत कालोपत्र सुरु भएको छ । दमौलीस्थित व्यास नगरपालिका-२ बागबजारमा एकतर्फी कालोपत्र सकेर अर्कोतर्फ कालोपत्रका लागि सडक सम्याउने काम भइरहेको छ । पूर्वी खण्डमा विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ ।


विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा लागेको छ ।

**मादी पुलमा ६५ प्रतिशत प्रगति**

व्यास नगरपालिका-४ र ५ जोड्ने मादी नदीमाथि निर्माणाधीन पुलमा ६५ दशमलव ०७ प्रतिशत भौतिक प्रगति भएको छ । मुग्लिन-पोखरा सडक योजनाअन्तर्गत मादी नदीमाथि निर्माणाधीन पुलमा हालसम्म ६५ दशमलव ०७ प्रतिशतभन्दा प्रगति भएको हो । त्यस्तै ५२ दशमलव ४३ प्रतिशत आर्थिक प्रगति भएको आयोजनाले जनाएको छ ।

पुल निर्माणले गति लिएको मुग्लिन-पोखरा सडक योजना (पूर्वी खण्ड) का इन्जिनियर विष्णुप्रसाद पाण्डेले बताउनुभयो । उक्त पुलमा छ वटा स्पान हुनेछन् । तीन सय १५ मिटर लामो उक्त पुल तीन वर्षभित्र सम्पन्न गर्नेगरी निर्माण कम्पनीले रु एक अर्ब २१ करोडमा ठेक्का सम्झौता गरेको थियो ।

उक्त पुलको ठेक्का जेडआइष्ट अन्नक जेभीले पाएको छ । पृथ्वी राजमार्गको सबैभन्दा लामो आर्क डिजाइनको उक्त पुल चार लेनको हुनेछ । हाल नदीमाथि रहेको दुई लेनको पुल तीन सय ७० मिटर लम्बाइको छ । सोही पुलभन्दा करिब ५० मिटरको दूरीमा नयाँ पुल निर्माण भइरहेको छ ।




# वैदेशीक रोजगारमा गएका अधिकांश युवाहरुमा निसन्तानको समस्या

**पोखरापत्र संवाददाता**
पोखरा, १ चैत

वैदेशीक रोजगारमा गएका अधिकांश युवाहरुमा निसन्तानको समस्या रहेको एक अनुसन्धानले देखाएको छ।

करिब ४६ प्रतिशत युवाहरुमा यो समस्या रहेको र विशेष गरी खाडी मुलुकमा रहेका युवाहरुमा त्यस्तो समस्या आएको मेडिकल क्षेत्रका विज्ञहरुको भनाई छ।

त्यसैगरी कुल प्रजनन दर भएका दम्पती मध्ये नेपालमा अन्दाजी १५ प्रतिशत निसन्तानपनको समस्या रहेको पाइएको छ । यसको प्रतिशत बढन सक्ने सम्भावना दिनप्रतिदिन बढ्दो छ । यसको मुख्य कारणमा युवाहरुमा पढाई पूरा गर्ने, भविष्य निर्माण गर्ने र पैसा कमाउने साथै ढिलो बिबाह गर्ने रहेको छ, जसले गर्दा युवामा प्रजनन क्षमतामा कमी आई सकेको हुन्छ। पोखरामा दश बर्ष अगाडि स्थापना भएको सहारा अन्तराष्ट्रिय फर्टीलिटी सेन्टरको उपचारमा आएका युवाहरुमा सो समस्या देखा परेको जानकारी




दिएको छ। निसन्तान दम्पतीहरुका लागि संचालित यस सेन्टरले ४६ प्रतिशत युवाहरुका लागि सम्बन्धित सरोकार निकायबाट सचेतनामुलक कार्यक्रम गर्नुपर्नेमा जोड दिदै आएको छ।

यही समस्या सम्बोधनसँगै फर्टीलिटी सेन्टरले शनिबार पोखरामा आफ्नो दशौं बार्षिकोत्सव भव्यताका साथ मनाउने जमार्को गरेको छ। निसन्तान दम्पतीहरुका लागि प्राकृतिक, कृतिम गर्भाधान र टेप्टयूब बेबी तरिकाबाट ३५ सय जोडीले सेवा लिएको सेन्टरका अध्यक्ष एवं वरिष्ठ स्त्री तथा प्रजनन रोग विशेषज्ञ डा. गिरीधारी शर्माले बताउनुभयो । जसबाट अन्दाजी एक हजार सन्तान प्राप्ति भएको अनुसन्धानबाट देखाएको उहाँले बताउनुभयो । सेन्टरले वार्षिकोत्सवको अवसरमा चैत ५ गतेसम्म बाँझोपन भएका जोडीहरुलाई बिशेष छुट र सेवाहरु उपलब्ध गराएको छ । जसमा निशुल्क ओपीडी तथा परामर्श सेवा, निशुल्क भिडियो एक्स-रे, आईभिएफ प्याकेजमा विशेष छुट सहित विभिन्न सेवाहरु प्रदान गरिरहेको डा. शर्माले बताउनुभयो।

हाल पोखरामा ४ वटा यस्ता फर्टीलिटी सेन्टर संचालनमा छन् भने २ वटा अरु सन्चालनमा आउने क्रममा रहेको साहारा इन्टरनेशनल फर्टीलिटी सेन्टरका संचालक एवं निसन्तानपन विज्ञ डा. गिरीधारी शर्माले जानकारी दिनुभयो । उहाँले नेपालमा यस्ता सेन्टर पचास भन्दा बढी सन्चालनमा रहेको भन्दै भारतमा बिस हजार भन्दा बढी यस्ता सेन्टरहरु रहेको उल्लेख गर्नुभयो।

**टेप्टयूब बेबी के हो ?**

बिज्ञानको चमत्कारबाट एउटा शुक्रकिट र अण्डा शरीरभन्दा बाहिरै मिलाउन सकेमा बाहिरै बच्चा बनाई महिलाको पाठेघरमा राखी गर्भाधारण गराई, पाठेघरमै हुर्काई जन्म गराईन्छ। जसलाई टेप्टयूब बेबी भनिन्छ।

५० माईक्रोनको शुक्रकीट १०० माईक्रोनको अण्डा भित्र छिराई पनि सेचन गराउन सकिन्छ। यदी शुक्रकिट र अण्डा सेचन गर्ने अनुकुल नभएमा शुक्रकिट, र अण्डा लाई -१९६ डीगी सेन्टीग्रेड Liquid Nitrogen को चिसो मा राखी भविष्यमा प्रयोग गर्न पनि सकिन्छ । साथै बनेको Embryo लाई पनि यसरीनै चिसोमा राखी भविष्यमा प्रयोगमा ल्याउन सकिन्छ । रोजगारीको लागी युबाहरुलाई बिदेश जानु अगाडी आफनो विर्यलाई फीजीक गरी जानुहुनको लागी सचेतना मुलक कार्यक्रम गर्नु आबश्यक महशुस भएको बताउदै उनीहरुको प्रजनन क्षमताको सुरक्षा गर्न सकिने डा. शर्माको भनाई थियो।

# सगरमाथा संवादको सचिवलयमा प्रधानमन्त्रीको निरीक्षण: तयारी चुस्त बनाउन निर्देशन

**रासस**
काठमाडौं, १ चैत

प्रधानमन्त्री केपी शर्मा ओलीले आगामी जेठ २ गतेदेखि ४ गतेसम्म काठमाडौँमा आयोजना हुन लागेको सगरमाथा संवाद कार्यक्रमलाई चुस्त बनाउन निर्देशन दिनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा सञ्चालनमा आएको सगरमाथा संवादको सचिवालयमा आज निरीक्षण र अवलोकनपछि प्रधानमन्त्री ओलीले कार्यक्रम आयोजना गर्नुको मुख्य सन्देशको प्रभावकारी प्रवाहसहित व्यवस्थापनसमेत चुस्त भएको सन्देश अन्तरराष्ट्रिय समुदायसमक्ष दिन निर्देशन दिनुभएको हो।

संवाद कार्यक्रमका लागि प्रधानमन्त्री ओलीको अध्यक्षतामा निर्देशक समिति र परराष्ट्रमन्त्री डा आरजु राणा देउवाको अध्यक्षता र वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीको सहअध्यक्षतामा व्यवस्थापन समिति गठन गरिएको छ। यस्तै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा सचिवालय गठन गरिएको छ।

सरकारले संवाद कार्यक्रमका लागि छिमेकी मुलुक भारत, चीनसहित विभिन्न मुलुकका राष्ट्रप्रमुख र सरकार प्रमुखसहितलाई विशेष अतिथिका रूपमा आमन्त्रण गरेको छ । सचिवालयका सदस्य सचिव डा महेश्वर ढकालले कार्यक्रमको हालसम्मको तयारीबारे छिट्टै पत्रकार सम्मेलनको आयोजना गरी सार्वजनिक गर्ने जानकारी दिनुभयो।

प्रधानमन्त्री ओलीले अन्तरराष्ट्रिय हिमनदी वर्ष, २०२५ का अवसरमा सगरमाथा संवाद कार्यक्रम काठमाडौँमा गर्ने घोषणा गर्नुभएको थियो । सरकारले पहिलो पटक जलवायु परिवर्तन, हिमाल र मानव जीवनको भविष्यलाई केन्द्रमा राखेर हरेक दुई वर्षमा यस प्रकारको विश्वव्यापी संवाद आयोजना गर्न लागेको हो।

# वर पिपल चौतारी संरक्षण गर्दै लामाचौरका आचार्य परिवार

**पोखरापत्र संवाददाता**
पोखरा, १ चैत

पोखरामा रहेका प्राचीन चौतारा र वर पिपल मासिदै गईरहेको बेला पोखराका बावुरामआचार्यको परिवार भने चौतारी संरक्षणमा जुटेका छन्।

लामाचौर निवासी नेपाल सरकारका पुर्व सचिव एवं प्रशासनविज्ञ आचार्य र उहाँका छोरा राजेशले पोखरा १९ घार्मीस्थित ओमकारेश्वर महादेव मन्दिर परिसरमा वर , पिपल र समी सहितको चौतारी निर्माण गरिदिएका छन्। त्यहाँ पुग्ने भक्तजन र पर्यटकलाई सुविधा पुग्ने र धार्मिक कार्यका लागि महत्वपूर्ण मानिने वोट विरुवाको संरक्षण गर्ने उद्देश्यले चौतारी निर्माण गरिएको आचार्यले बताउनुभयो। नौं वर्ष अघिको सोच अहिले आएर पुरा भएको छोरा राजेशले बताउनु भयो । नवनिर्मित चौतारीको



धार्मिक परम्परा अनुसार विधि पुर्वक प्रतिष्ठा गरिएको छ।

नेपाल सरकारका पुर्व सचिव आचार्य,कान्ती आचार्य राजेश आचार्य र शोभा आचार्य सहित उहाँको परिवारले चौतारीको प्रतिष्ठा गर्नुभएको थियो।करिव ५ लाख रुपैयाको लागतमा वर, पिपल र सम्मी सहितको आर्कषक चौतारी निर्माण गरिएको हो।

पुरोहित सहित राखेर गरिएको कार्यक्रममा सहभागिले आचार्य परिवारको कार्य ऐतिहासिक र प्राचिन चौतारी र बोट विरुवा संरक्षणमा महत्वपुर्ण रहेको बताएका थिए। आचार्यले मन्दिरको विकास र संरक्षणमा थप सहयोग गर्न आफूहरु तयार रहेको बताउँदै, नयाँ पुस्तालाई चौतारी संरक्षणमा लाग्न आग्रह गर्नुभयो। मन्दिर व्यवस्थापन समितिका अध्यक्ष ढुण्डिराज पौडेलले आचार्य परिवारले गरेको कार्य उल्लेखनीय रहेको भन्दै प्रशंसा गर्नुभयो। धार्मिक कार्यका नाममा वर, पिपल र सम्मीका रुख मास्ने कार्य भएकोमा चिन्ता व्यक्त गर्दै आचार्य परिवारले यसको संरक्षण गर्न मन्दिर समिति समक्ष आग्रह गरेका छन् । चौतारी निर्माणमा मन्दिर समितिका कोषध्यक्ष तेजेन्द्र पौडेल, पुर्व कोषाध्यक्ष नन्दराज दाहाल, समाजसेवी झपेन्द्र पौडेलले सहजीकरण गर्नुभएको थियो।

पोखरा सहित माछापुच्छे र अन्नपूर्ण हिमश्रृखलालाई नजिकैबाट नियाल्न सकिने सो परिसरमा मन्दिर तथा चौतारी संरक्षणका लागि विभिन्न विकास निर्माणका कार्यहरू भईरहेका छन्।

# महिला टी-२० क्रिकेट : नेपालद्वारा हङकङ पराजित

**रासस**
काठमाडौं, १ चैत

युगान्डामा जारी महिला टी-२० अन्तरराष्ट्रिय क्रिकेट प्रतियोगितामा नेपालले हङकङलाई ६ विकेटले पराजित गरेको छ।

युगान्डाको इन्टेबे क्रिकेट मैदानमा जारी खेलमा 'टस' जितेर पहिला 'ब्याटिङ' गरेको हङकङले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर १०४ रन बनायो। नेपालले १०५ रनको विजयी लक्ष्य १९ दशमलव ३ ओभरमा चार विकटको क्षतिमा पूरा गर्‍यो। नेपालका लागि सम्झना खड्काले ४७ रन बनाइन्। उनले ४३ बल खेल्ने क्रममा तीन चौका हानिन्। यस्तै पूजा महतोले अविजित २० तथा कप्तान इन्दु बर्माले १८ रन बनाइन्। बलिङतर्फ हङकङकी मेहकदीप कौर र लिया वाङ कीले एक एक विकेट लिइन्।

यसअघि हङकङका लागि १०४ रन बनाउने क्रममा शान्जिन शहजदले सर्वाधिक ५४ रन बनाइन्। उनले ४७ बलमा पाँच चौका र एक छक्का प्रहार गरिन् । त्यसैगरी, करी चानले १६ तथा यास्मिन दासवानीले १४ रन जोडिन् । बलिङतर्फ नेपालकी राजमती ऐरीले तीन, कप्तान इन्दु बर्माले दुई तथा पूजा महतो र ईश्वरी विष्टले एक एक विकेट लिइन्।



विद्यार्थी उम्मेदवार परिचय कार्यक्रममा सहभागी : आसन्न स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा पोखराको पृथ्वीनारायण क्याम्पसमा उम्मेदवार रहेका अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी (क्रान्तिकारी) का विद्यार्थीहरू शुक्रबार उम्मेदवार परिचय कार्यक्रममा सहभागी हुँदै। तस्बिरः राम थापा/रासस

# नेपाली महिला भलिवल टिमका कप्तान अरुणा शाही पोखरामा सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, १ चैत

होली उत्सवको अवसरमा विहिबार पोखरामा नेपाली महिला भलिवल टिमका कप्तान अरुणा शाही सम्मानित हुनु भएको छ।

मदन भण्डारी स्पोट्स एकेडेमीले विहीबार पोखरामा आयोजना गरेको होली उत्सवमा कप्तान शाहीलाई नगद ११ हजार सहित सम्मान गरिएको एकेडेमीका उपाध्यक्ष एवं राखेपका पूर्व सदस्य राजेश कुमार गुरूङले बताउनु भयो । पोखरा रंगशालाको भौतिक संरचना मर्मत संहार तथा केही अधुरा कार्य पूरा गर्न लाग्नु पर्ने उहाँको जोड थियो । एकेडेमीले आफुलाई



सम्मान गरेकोमा धन्यवाद दिदै कप्तान शाहीले नेपालको राष्ट्रिय खेल भलिवलको बृद्धि विकासमा यस्ता सम्मानले आफु सहित अन्य खेलाडीहरुलाई प्रोत्साहन मिल्ने बताउनु भयो। मदन भण्डारी स्पोट्स एकेडेमीले खेलकुदकर्मी बिच विहिबार हर्स र उल्लाहासका साथ होली पर्व मनाएको एकेडेमीले जनाएको छ । कार्यक्रममा खेलाडीहरुले डेमो प्रर्दशन समेत गर्नु भएको थियो भने विभिन्न सास्कृतिक कार्यक्रम समेत प्रस्तुतः भएको थियो । खेलकुदकर्मीहरु बिच एक आपसमा शुभकामना आदान प्रदान गरी रंग लगाउदै होली पर्व मनाइएको थियो।

# स्ववियु निर्वाचन : त्रिविका ११ आङ्गिक क्याम्पसमा प्रक्रिया अगाडि बढेन

**रासस**
काठमाडौं, १ चैत

त्रिभुवन विश्वविद्यालय (त्रिवि) अन्तर्गतका ११ आङ्गिक क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनको प्रक्रिया अगाडि बढ्न सकेको छैन।

विद्यार्थी सङ्गठनबीच विवाद हुँदा ११ वटा आङ्गिक क्याम्पसमा निर्वाचन प्रक्रिया नै अगाडि बढ्न नसकेको विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले जानकारी दिनुभयो । विद्यार्थी सङ्गठनबीच भर्ना प्रक्रियामा विवाद हुँदा ती क्याम्पसमा निर्वाचन प्रक्रिया अगाडि बढ्न नसकेको उहाँले बताउनुभयो । निर्देशक अधिकारीका अनुसार देशभरि रहेका ६२ वटा आङ्गिक क्याम्पसमध्ये उपत्यकामा छ र उपत्यका बाहिर पाँच वटा आङ्गिक क्याम्पसमा निर्वाचन प्रक्रिया अगाडि नबढेको हो। उपत्यकाका नेपाल ल क्याम्पस, शङ्कर देव क्याम्पस, पब्लिक युथ क्याम्पस, सरस्वती बहुमुखी क्याम्पस, विश्वभाषा क्याम्पस र थापाथली इञ्जिनियरिङ क्याम्पस र उपत्यका बाहिर महेन्द्रनगरको सिद्धनाथ बहुमुखी क्याम्पस, बुटवल बहुमुखी क्याम्पस, भैरहवा बहुमुखी क्याम्पस, विराटनगर महेन्द्र मोरङ क्याम्पस र जनकपुरको रामस्वरुप रामसागर बहुमुखी क्याम्पसमा प्रक्रिया रोकिएको हो। "निर्वाचन प्रक्रिया अगाडि नबढेका क्याम्पसमा पनि आपसी समझदारीमा निर्वाचन गर्न निर्देशन दिएका छौँ", उहाँले भन्नुभयो, "यसपटक हामी सबै आङ्गिक क्याम्पसमा निर्वाचन गर्ने तयारीमा छौँ ।" विसं २०७९ चैत ५ गते भएको निर्वाचनमा नौ वटा आङ्गिक क्याम्पसमा निर्वाचन हुन सकेको थिएन। त्रिविले स्ववियु निर्वाचनको प्रचारप्रसारका लागि चैत २ गते राति १२ बजेसम्मका लागि समय तोकेको छ । त्रिविअन्तर्गतका क्याम्पसमा एकैदिन चैत ५ गते निर्वाचन हुँदैछ।

# समाजवादी ...

सफल बनाउने निर्णय गरेको उहाँले जानकारी दिनुभयो।

बैठकमा देशको राजनीतिक परिस्थितिका बारेमा छलफल गरेको जानकारी दिँदै उहाँले राजतन्त्र पक्षधरको प्रदर्शनले मुलुकको राजनीतिक परिस्थिति झन् जटिल बन्दै गएको निष्कर्ष निकालेको बताउनुभयो। उहाँले प्रतिगामी कदमलाई असफल बनाउने निर्णय बैठकले गरेको जानकारी दिनुभयो।

बैठकमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द, नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्रराय यादवलगायत नेताहरू सहभागी हुनुहुन्थ्यो।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# पर्यटन प्रवर्द्धनका लागि नयाँ पदमार्ग निर्माणमा 'टान'

अच्युत रेग्मी
काठमाडौं, १ चैत(रासस)

नेपालको पर्वतीय पर्यटन क्षेत्रको विकासका लागि नयाँ पदमार्ग स्थापना गरिएको छ । स्थानीय तहले जथाभावी रूपमा मोटरबाटो खन्दा पदमार्ग मासिँदै गएपछि पर्वतीय पदयात्रा व्यवसायीको छाता संस्था ट्रेकिङ एजेन्सिज् एसोसिएसन अफ नेपाल (टान)को सक्रियतामा नयाँ पदमार्ग निर्माण गरिएको हो ।

लामो यात्रा गर्न चाहने आन्तरिक तथा बाह्य पर्यटकलाई मध्यनजर गरी टानले गोरखाका दुई र लमजुङका तीन स्थानीय तह जोडेर नयाँ पदमार्ग निर्माण गरेको हो । 'बुद्ध हिमाल-हिमालचुली ग्रेट लेक सर्किट ट्रेल' नामकरण दिइएको उक्त पदमार्ग गोरखाको बारपाक सुलिकोटबाट सुरु भई लमजुङको मर्स्याङ्दी गाउँपालिकासम्म पुग्दछ ।

टानका अध्यक्ष सागर पाण्डेले लामो समयसम्म पदयात्रा गर्न चाहने आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गरी यो पदमार्ग सञ्चालनमा ल्याएको बताउनुहुन्छ । उहाँका अनुसार उक्त पदमार्ग गोरखाको बारपाक सुलिकोट र अजिरकोटका साथै लमजुङको दुधपोखरी, दोर्दी र मर्स्याङ्दी गाउँपालिकामा पर्दछ । यो पदमार्गले बुद्ध हिमाल र हिमालचुलीको बेस छुनेछ । पदमार्गमा गोरखाको रुवीनाला (पाँच हजार मिटर)सम्म पुग्न सकिन्छ । यस्तै, लमजुङको मेमेपोखरी, बराहपोखरीलगायत प्रसिद्ध धार्मिक तीर्थस्थलसमेत यो पदमार्ग हुँदै जान सकिन्छ । उक्त पदमार्ग पार गर्न १८ दिन लाग्ने टानले जनाएको छ ।

समुद्री सतहबाट तीन हजार दुई सय मिटरको उचाइमा रहेको गोरखाको अजिरकोटबाट उक्त पदमार्गमा जान सकिन्छ। पदमार्गभित्र गोरखा बारपाक, अजिरकोट, नागेपोखरी, दुधपोखरी, नोटाँचे, लिपेलेक, मेमेपोखरी, बराहपोखरी, ठूलागी താललगायत प्राकृतिक एवं सांस्कृतिक क्षेत्र पर्दछन् । यस्तै, पदमार्गको तल्लो क्षेत्रबाट गोरखाको अजिरकोट भच्चेक हुँदै लमजुङको दुधपोखरी बिचौर, इलमपोखरी, लिपेलेक, दाम्राङ, कीर्तिपुर, टापगाउँ, बारपोखरी, हिलेटक्सारहुँदैबैंसीसहरकोपिसहिल र मर्स्याङ्दी गाउँपालिकासम्म पुग्न सकिन्छ। ठूला धार्मिक आस्थाका तालहरू, मनमोहक झरनाका दृश्य, ऐनाजस्तै छर्लङ्ग देखिने हिमाल (हिमालचुली, बुद्ध हिमाल, हर्कचुलीलगायत हिमाल)को मनमोहक दृश्य यस पदमार्गबाट देख्न सकिने टान अध्यक्ष पाण्डे बताउनुहुन्छ । पदमार्ग क्षेत्रमा लोपोन्मुख वन्यजन्तु कस्तुरी, मृग, रेडपाण्डा, राष्ट्रिय चरा डाँफेलगायत धेरै थरिका चराचुरुङ्गी र जनवार पाइने गरेका छन् । विभिन्न थरिका गुराँस, जडीबुटीले भरिपूर्ण रहेकाले यो पदमार्गको धेरै सम्भावना रहेको उहाँको भनाइ छ ।

टानले संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को सहकार्यमा दुई जिल्लाका पाँच स्थानीय तहको समन्वयमा उक्त पदमार्गको अध्ययन गरी वृत्तचित्रसमेत निर्माण गरिसकेको छ । टानका निवर्तमान अध्यक्ष निलहरि बाँस्तोला उक्त पदमार्ग पर्वतीय पदमार्ग पर्यटकका लागि उत्कृष्ट गन्तव्य हुने बताउनुहुन्छ । "पर्वतीय पदयात्राको अत्यधिक सम्भावना रहेका नेपालका पदमार्ग स्थानीय तहले जथाभावी रूपमा मोटरबाटो खन्दा मासिँदै गएकाले आफू अध्यक्ष हुँदादेखि नै नयाँ गन्तव्य र पदमार्गको खोजी गरेको हो", उहाँ भन्नुहुन्छ ।

उक्त पदमार्गसँगै टानले रामेछापको उमाकुण्ड गाउँपालिकादेखि सोलुखुम्बुको दूधकुण्ड नगरपालिका हुँदै पासाङल्हामु गाउँपालिकालाई जोडेर नयाँ पदमार्ग तयार गरेको छभने सोलुखुम्बुको माप्य दूधकोशी गाउँपालिकालाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न 'एभरेष्ट दूधकोशी सांस्कृतिक पदमार्ग' निर्माण गरिरहेको छ ।

यसैगरी, काभ्रेपलाञ्चोकको चौँरीदेउराली गाउँपालिकामा तिमालबाट चौँरीदेउराली हुँदै सैलुङ जोड्ने पदमार्गको विकास र प्रवर्द्धन गरिसकिएको र धादिङको गङ्गाजमुना गाउँपालिकाका सात वडालाई जोड्ने गरी 'गङ्गा जमुना तीनसुरे पदमार्ग'को कामसमेत अगाडि बढाइसकेको टानका प्रमुख कार्यकारी अधिकृत (सिइओ) रामचन्द्र सेढाईं बताउनुहुन्छ ।

टानका अनुसार नेपाल भ्रमणमा आउने पर्यटकमध्ये करिब ३० प्रतिशत पर्यटक पदमार्गका लागि विभिन्न स्थानमा जाने गरेका छन् । टानले विभिन्न सरकारी तथा गैरसरकारी संस्थाको समन्वयमा नयाँ गन्तव्यको पर्यटन प्रवर्द्धनमा समेत काम गरिरहेको छ । यस्तै, काठमाडौं उपत्यका वरपरका शिवपुरी, तारेभिर, मूलखर्क चिसापानी, जरसिंहपौवा, ढाव, नगरकोट, साँगा, नमोबुद्ध, फुल्चोकी, गोदावरी, हात्तीवन, फर्पिङ, चित्लाङ, चन्द्रागिरि, रामकोट, नागार्जुन, टोखा, ककनीलगायत स्थानलाई जोडेर टानले 'नेपाल मण्डला सर्किट ट्रेल'को विकास गर्ने लक्ष्यसमेत लिएको छ ।

# उच्च माविआमाहरूको फुटबल प्रतियोगिता

पोखरापत्र संवाददाता
पर्वत, १ चैत

खेलकुदका माध्यमबाट महिला सशक्तीकरण गर्ने उद्देश्यले फागुपूर्णिमाका अवसरमा बेनी नगरपालिका-४ सिङ्गा तातोपानीमा आमाहरूको फुटबल प्रतियोगिता भएको छ ।

जलमाई भगवती आमा समूहले आयोजना गरेको प्रतियोगितामा तातोपानी, पखेर र सिङ्गाका पाँच वटा आमा समूह सहभागी भएकामा जलमाई भगवती आमा समूह (ए)ले मङ्गला गाउँपालिका-३ को पखेर आमा समूहलाई एकका विरुद्ध चार गोल गरेको छ। यो समूहले खेल जितेर रु १५ हजार हात पारेको छ । जलमाई भगवती आमा समूहका सचिव मीना जुग्जालीले "आमाहरूको मात्र फुटबल प्रतियोगिता जिल्लामै पहिलोपटक तातोपानीमा भएको हो", उहाँले भन्नुभयो, "खेलकुदमार्फत आमाहरूलाई जागरुक र सामाजिक क्षेत्रमा क्रियाशील बनाउन प्रतियोगिता आयोजना गरिएको हो ।" आमाहरू लुङ्गी, चोलो, कुर्तासुरुवालको पहिरनमा खेलमैदानमा उत्रिएका थिए । प्राकृतिक चिकित्सालयको रुपमा परिचित तातोपानीमा परम्परागत रुपमा लाग्ने फागुपूर्णिमा मेलालाई यसपटक आमा समूहले निरन्तरता दिएका हुन् ।

मेलामा फाइभ ए साइड पुरुष फुटसल, महिला र पुरुष लठो तान्ने, अन्धनिशान, पुरुष तथा महिला छेलो प्रतियोगिता भएको थियो ।

# बजेट अभावमा रोकियो गैँडा गणना

पोखरापत्र संवाददाता
पर्वत, १ चैत

हरेक पाँच वर्षमा हुँदै आएको गैँडा गणना आर्थिक अभावका कारण यो वर्ष नहुने भएको छ ।

दाताहरूको सहयोगमा गणना हुँदै आएकामा यस वर्ष सहायता नपाएपछि त्यो रोकिएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक रामचन्द्र कँडेलले बताउनुभयो । सरकारले गैँडाको नियमित अभिलेख राख्न बजेटको व्यवस्था गरेको छैन ।

यस वर्ष गणना गर्न नसकिए पनि निकुञ्जका पोष्टमार्फत एक- एक गैँडाको सङ्केतका आधारमा अवस्था पहिचान गरिने उहाँले बताउनुभयो । निकुञ्जको सम्पूर्ण जनशक्ति परिचालन गरेर सम्भवभएसम्म गणना गरिने उहाँले बताउनुभयो ।

महानिर्देशक कँडेलले भन्नुभयो, "गणनाजस्तै गरी यकिन सङ्ख्या सार्वजनिक नभए पनि सूक्ष्म रुपमा एकएक गैँडाको चिह्नको आधारमा अवस्था पत्ता लाग्छ ।" विभागले निकुञ्जसँग सहकार्य गर्ने विभिन्न दातृ निकायसँग मिलेर गैँडा गणना गर्दै आएको थियो ।

चितवन, पर्सा, बर्दिया र शुक्ला फाँटामा राष्ट्रिय निकुञ्जमा एक सिङ्गे गैँडा पाइन्छन् । गणनाले सबैभन्दा बढी चितवनमा रहेका देखाएको थियो । उक्त गणनाअनुसार त्यसबेला ७५२ गैँडा थिए । चितवन राष्ट्रिय निकुञ्जमा ६९४ एकसिङ्गे गैँडा थिए । बर्दियामा ३८, शुक्लाफाँटामा १८ र पर्सामा तीन वटा त्यस्ता गैँडा रहेका तथ्याङ्क छ ।

नेपालमा सन् १९५० मा ८००, १९५५ मा ४००, १९६० मा ३००, १९६५ मा १००, १९७० मा १०८, १९७५ मा १४७, १९८० मा ३१०, १९८५ मा ३१०, १९९० मा ३५८, १९९५ मा ४६६ गैँडा रहेका विभागले जनाएको छ । यसैगरी सन् २००० मा ६१२, २००५ मा ४०९, २०१० मा ४३५ र सन् २०१५ मा ६४५ गैँडा थिए । यसअघि सन् २०२१ मा गैँडा गणना गरिएको थियो ।

# पुख्यौंली जग्गामा कृषि उद्यम गर्दै सुशील

पोखरापत्र संवाददाता
म्याग्दी, १ चैत



मङ्गला गाउँपालिका-३ सातबिसेमा १० वर्ष अमेरिकामा पढेर फर्किएका एक जना युवाले व्यावसायिक केराखेती गर्नुभएको छ ।

हाल बागलुङमा बसोबास र काठमाडौँमा व्यवसाय गर्नुहुने ३८ वर्षीय सुशील खड्काले जन्मथलोमा पुख्यौंली जग्गालाई सदुपयोग गर्न केराखेती सुरू गर्नुभएको हो । मङ्गला भेञ्चर कम्पनीमार्फत केराखेती गरेर बाँझिन थालेको खेतीयोग्य जमिनलाई सदुपयोगका साथै कृषि उद्यमबाट गाउँघरमा नै आम्दानी र रोजगारीको अवसर भएको सन्देश दिने प्रयास गर्नुभएको छ । "हाम्रा पुर्खाले दुई सय वर्षअघि धानखेती गर्न किनेको सातविसेको उर्वरायुक्त जग्गा बसाइँसराइ र वैदेशिक रोजगारीका कारण बाँझिन थालेपछि दुई वर्षअघि केरा रोप्दा धेरैले मलाई हाँसोको पात्र बनाए", खड्काले भन्नुभयो, "जग्गा बाँझो नहोस् भनेर सुरू गरेको केराखेती राम्रो हुन थालेपछि अरूले पनि सिको गर्न थालेकामा खुसी लागेको छ ।" अमेरिकाको भेण्डेरबिल्ट विश्वविद्यालयबाट अर्थशास्त्र र व्यवसाय विषयमा स्नाकोत्तर तथा इन्जिनियरिङमा स्नातक गरेका सुशीलले काठमाडौँमा श्रीमती सिलसिलासँगै नकुहिने फोहर प्रशोधन गरेर पुनःप्रयोग गर्ने कम्पनी सञ्चालन गर्नुभएको छ। खड्काको सातबिसेमा एक सय रोपनी पुख्यौंली जग्गा छ।

सुशीलका जिजुबाजेले दुई सय वर्षअघि बागलुङबाट आएर सातबिसेमा जग्गा खरिद गरेका थिए । सातवटा २० रूपैयाँमा किनेको जग्गा भएकाले यो ठाउँको नाम सातबिसे नामकरण भएको किंवदन्ती छ । खेतमा पाक्दा र भान्छामा पकाउँदा मगमग बास्ना आउने गौरिया धानखेती हुने र सिँचाइ सुविधा भएकाले खड्काका पुर्खाले सातबिसेमा जग्गा किनेका थिए । पछिल्लो समय वैदेशिक रोजगारीका कारण कृषि मजदुर नपाउने र लागत बढ्न थालेपछि सातबिसेको खेतीयोग्य जमिन पनि बाँझिएर झाडीमा परिणत हुन थालेको छ । सन् २००५ मा अध्ययनका लागि अमेरिका जानुभएका सुशील सन् २०१५ मा नेपाल आउनुभएको थियो ।

कोरोना महामारी फैलिएपछि भएको बन्दाबन्दीका समयमा उहाँलाई पुख्यौंली जग्गामा कृषि उद्यम सञ्चालन गर्ने सोच पलाएको थियो । तीन रोपनीमा एक सय ५० बोट हजारी जातको केराबाट उद्यम सुरू गर्नुभएका खड्काले हालै एक रोपनीमा नयाँ केराका बिरूवा रोपेर विस्तार गर्नुभएको छ । केराखेतीको परीक्षण सफल भएपछि विस्तार गर्न थाल्नुभएको हो ।

केरा बगैँचा रेखदेखको काममा सुशीललाई आमा मनकुमारीले सघाउनुभएको छ । केरा बेचेर पछिल्लो एक वर्षयता रू एक लाख आम्दानी गर्नुभएका खड्का केराखेतीसँगै ड्रागन फ्रुटको खेती गर्ने तयारीमा हुनुहुन्छ। आधुनिक उपकरणको प्रयोग गरेर कम लागतमा रैथाने गौरिया जातको धानखेतीलाई निरन्तरता दिने र विदेशबाट फर्किएका तथा गाउँमै भएका बेरोजगार युवाको समूह बनाएर कृषि उद्यम सञ्चालन गर्ने उहाँको योजना छ ।

"देशमै केही गर्न सकिन्छ भन्ने सन्देश दिनु र परम्परागत बालीको संरक्षणसँगै प्रवर्द्धन गर्ने मेरो उद्देश्य हो", खड्काले भन्नुभयो, "जलवायु र मौसममा आएको परिवर्तनको सामना गर्न सक्ने क्षमता भएका परम्परागत बालीलाई जोगाउनु हाम्रो दायित्व र जिम्मेवारी हो ।"

# सरकारको आम्दानीभन्दा खर्च बढी, आठ महिनामा २३ प्रतिशत मात्रै विकास खर्च

रासस
काठमाडौं, १ चैत

चालु आर्थिक वर्ष २०८१/८२ को दोस्रो चौमासिकसम्म सरकारको आम्दानीभन्दा खर्च बढी देखिएको छ ।

महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार गत फागुन मसान्तसम्ममा सरकारले रू सात खर्ब ३८ अर्ब ८२ करोड १३ लाख आम्दानी गर्दा रू आठ खर्ब ३९ अर्ब ३५ करोड ६० लाख खर्च भएको छ। अर्थात दोस्रो चौमासिकसम्ममा सरकारको आम्दानीभन्दा रू एक खर्ब ५३ करोड ४७ लाख खर्च बढी छ । त्यस्तै, यस अवधिमा सरकारको विकास खर्च पनि निकै कमजोर देखिएको छ। महालेखा नियन्त्रकको तथ्याङ्कअनुसार फागुन मसान्तसम्ममा पुँजीगत खर्च वार्षिक विनियोजनको २३ दशमलव ३७ प्रतिशत मात्रै छ । सरकारले चालु आर्थिक वर्षका लागि पुँजीगत शीर्षकमा रू तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख बजेट विनियोजन भएकोमा हालसम्म रू ८२ अर्ब ३३ करोड ६० लाख बराबर मात्रै खर्च भएको देखिएको छ ।

सरकारले चालु आर्थिक वर्षका लागि रू १८ खर्ब ६० अर्ब ३० करोड ३० लाखको बजेट ल्याएको थियो। फागुन मसान्तसम्म वार्षिक विनियोजनको ४५ दशमलव १२ प्रतिशत अर्थात रू आठ खर्ब ३९ अर्ब ३५ करोड ६० लाख बराबरको खर्च भएको छ। चालु शीर्षकमा रू ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख विनियोजन भएकोमा ५१ दशमलव २१ प्रतिशत अर्थात रू पाँच खर्ब ८४ अर्ब १२ करोड ७८ लाख बराबर खर्च भएको छ । वित्तीय व्यवस्थापन शीर्षकमा रू तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख विनियोजन भएकामा ४७ दशमलव ०७ प्रतिशत अर्थात रू एक खर्ब ७२ अर्ब ८९ करोड २२ लाख बराबर खर्च भएको छ ।

सरकारले चालु आर्थिक वर्षका लागि रू १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख बराबर राजस्व उठाउने लक्ष्य रहेकामा हालसम्म ५० दशमलव दुई प्रतिशत अर्थात रू सात खर्ब ३८ अर्ब ८२ करोड १३ लाख बराबर असुली भएको छ। जसमध्ये, कर राजस्वतर्फ रू १२ खर्ब ८४ अर्ब २० करोड ९६ लाख विनियोजन भएकोमा ४९ दशमलव ७४ प्रतिशत अर्थात रू छ खर्व ३८ अर्ब ७९ करोड ९० लाख सङ्कलन भएको छ ।

त्यस्तै, गैरकर राजस्वतर्फ रू एक खर्ब ३५ अर्ब नौ करोड ३४ लाख उठाउने लक्ष्य रहेकामा हालसम्म ६० दशमलव ३६ प्रतिशत अर्थात रू ८१ अर्ब ५४ करोड ७७ लाख असुली भएको छ। सरकारको वैदेशिक अनुदान सङ्कलन पनि निकै कमजोर छ । चालु आर्थिक वर्षका लागि रू ५२ अर्ब ३२ करोड ६५ लाख वैदेशिक अनुदान उठाउने लक्ष्य रहेकोमा हालसम्म वार्षिक लक्ष्यको १७ दशमलव ५१ प्रतिशत अर्थात रू नौ अर्ब १६ करोड २५ लाख अनुदान लिइएको छ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : आर्थिक समस्या |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# सातै प्रदेशमा सकियो एक महिने 'प्रादेशिक ललितकला प्रदर्शनी'

रासस
काठमाडौं, १ चैत

प्रादेशिक कला प्रदर्शनी सातै प्रदेशमा सम्पन्न भएको छ। नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको आयोजनामा गएको फागुन ४ गते गण्डकी प्रदेशबाट सुरु भएको प्रादेशिक ललितकला प्रदर्शनी आज काठमाडौँमा समापन गरिएको हो ।

महिनाव्यापी रूपमा आयोजना भएको प्रदर्शनीको अन्तिम कार्यक्रम बागमती प्रादेशिक ललितकला प्रदर्शनी हो । गएको फागुन २६ गतेदेखि काठमाडौँमा सुरु भएको प्रदर्शनी आज समापन भएसँगै सबै प्रदेशमा प्रदर्शनी सम्पन्न भएको नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यसपालिको प्रादेशिक ललितकला प्रदर्शनी भव्य र सभ्य रूपमा सम्पन्न भयो ।"

ती प्रदेशहरूमा एक हजार दुई सयभन्दा बढी कला प्रदर्शनी गरिएको थियो । प्रदर्शनीले देशभर नै कलाको महत्त्व बढाएको र मौलिक तथा लुकेका कलासमेत उजागर भएको प्रतिष्ठानका उपकुलपति तथा बागमती प्रदेश समन्वय समितिका संयोजक लालकाजी लामाले बताउनुभयो । गएको वर्षदेखि नेपालमा प्रादेशिक रूपमा कला प्रदर्शनी थालिएको हो । गत वर्षभन्दा यसपालि कला सृजना र कलाकारको सहभागिता उल्लेख्य रूपमा वृद्धि भएको छ । स्थानीय पालिका प्रदेश सरकार र विभिन्न सङ्घसंस्थाको सहकार्यमा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले आयोजना गरेको कला प्रदर्शनी समन्वय र सहकार्य उल्लेख्य बढ्न थालेको पाइएको प्रतिष्ठानका सदस्यसचिव देवेन्द्रकुमार काफ्ले थुम्केलीले बताउनुभयो । "यसले देशभर नै कला गतिविधि बढाउँछ भन्ने हाम्रो विश्वास छ", उहाँले भन्नुभयो । प्रादेशिक प्रदर्शनीमा समावेश उत्कृष्ट चित्रहरूलाई आउँदो गणतन्त्र दिवसका अवसरमा जेठ १५ गते हुने राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गरिने र सोही क्रममा प्रादेशिक तथा राष्ट्रिय पुरस्कार प्रदान गरिने प्रतिष्ठानले जनाएको छ ।

यसपालि राष्ट्रिय प्रदर्शनीमा रु एक लाख राशिको सर्वोत्कृष्ट राष्ट्रिय ललितकला पुरस्कार, जनही रु ६० हजार राशिको ललितकला विधागत पुरस्कार र नवप्रतिभा ललितकला राष्ट्रिय पुरस्कार प्रदान गरिनेछ । ललितकला विधागत पुरस्कारतर्फ परम्परागत चित्रकला, समसामयिक/आधुनिक चित्रकला, परम्परागत मूर्तिकला, समसामयिक/आधुनिक मूर्तिकला, शिल्प र हस्तकला, वास्तुकला तथा लोककला बहुआयामिक कला तथा अन्य सृजनात्मक कलामा कलाकारलाई पुरस्कृत गरिनेछ । यस्तै प्रदेशगत रूपमा रु ५० हजार राशिको सबै प्रदेशबाट एक जना उत्कृष्ट प्रादेशिक ललितकला पुरस्कारका साथै रु ३० हजार राशिको परम्परागत चित्रकला, समसामयिक चित्रकला, परम्परागत मूर्तिकला, समसामयिक/आधुनिक मूर्तिकला, शिल्पकला, वास्तुकला तथा लोककला, बहुआयामिक कला तथा अन्य सृजनात्मक कला र नवप्रतिभा ललितकला प्रादेशिक पुरस्कार पनि प्रदान गरिने प्रतिष्ठानले जानकारी दिएको छ ।

# सहकारीमार्फत व्यावसायिक चियाखेती

पोखरापत्र संवाददाता
बागलुङ, १ चैत

काठेखोला गाउँपालिका-७ रेशस्थित तिडरिङ र बोरमा सहकारीमार्फत व्यावसायिक चियाखेती सुरु गरिएको छ । मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँ कार्यक्रममार्फत जनकल्याण आधारभूत विद्यालयको वनमा चियाखेती सुरु गरिएको हो ।

रेश साना किसान सहकारी संस्था लिमिटेडमार्फत तिडरिङसहित पाँच स्थानमा चियाखेती गरिएको वडा नं ७ का अध्यक्ष प्रेम लामिछानेले जानकारी दिनुभयो । विद्यालयको पाखो जमिन १५ वर्षका लागि भाडामा लिइएको र सार्वजनिक जमिनमा पाँच वटा ब्लक बनाएर एक सय ४० रोपनीमा चियाखेती सुरु गरिएको वडाध्यक्ष लामिछानेले बताउनुभयो । "परीक्षणका रूपमा गरिएको चियाखेतीले राम्रो उत्पादन दिन थालेपछि चियाखेती अवलोकन गर्न आउने पाहुनालाई कोसेलीका रूपमा चियाको ब्राण्ड बनाएर प्रदान गर्न थालेका छौँ", वडाध्यक्ष लामिछानेले भन्नुभयो । चिया बगानमा आवतजावत गर्न सडक र खानेपानीलगायत पूर्वाधार अभाव भएकाले स्थानीय, प्रदेश र सङ्घ सरकारको सहकार्यमा भौतिक संरचना निर्माणमा पहल भइरहेको उहाँले बताउनुभयो । चिया बगानमा रहेका एक लाख १० हजारभन्दा बढी बिरुवामध्ये ६० हजारले उत्पादन दिन थालेका छन् । लामिछानेका अनुसार वडा कार्यालयको सहकार्यमा चिया सुकाउने औजार खरिद गरिए पनि पछिल्लो समय ठूलो परिणाममा चिया उत्पादन हुन थालेपछि उद्योग सञ्चालन गर्न सरोकारवाला निकायसँग समन्वय भइरहेको छ । चिया उत्पादन धेरै हुन थालेपछि उद्योगसञ्चालनसँगैबजारीकरणमा अन्यौल भइरहेको रेश साना किसानसहकारीकाअध्यक्षउजेली शर्माले बताउनुभयो । प्रशोधित चियाका लागि उपकरणको अभाव हुँदा सहकारीले अपेक्षाअनुसार उत्पादन गर्न नसकेको उहाँको भनाइ छ । उहाँले हाल परम्परागत रूपमा चिया उत्पादन भइरहेको छ।

चिया खेतीमार्फत स्थानीयलाई समृद्ध बनाउने वडाको योजना छ । बढ्दो बसाईंसराइलाई नियन्त्रण गर्न चियाखेती नमुनायोग्य काम भएको चियाखेती अवलोकनमा पुग्नुभएका गण्डकी प्रदेशका स्वास्थ्यमन्त्रीकृष्णप्रसादपाठकले भन्नुभयो, "बाँझो जमिनको सदुपयोग गर्दै आर्थिक उन्नति गर्न स्थानीयले गरेका काममा प्रदेश सरकारले हातेमालो गर्छ ।"


# निसीखोलामा 'मगर खाम भाषा'को स्थानीय पाठ्यपुस्तक पढाइ

पोखरापत्र संवाददाता
बागलुङ, १ चैत

बागलुङको निसीखोला गाउँपालिकाले 'मगर खाम भाषा'को स्थानीय पाठ्यपुस्तक पठनपाठन गराउन थालेको छ ।

गाउँपालिकाले यस वर्षदेखि गेमी (हाम्रो) निसीखोला नाम पाठ्यपुस्तक तयार गरेर पठनपाठन गराउन थालेको हो । सात वडा रहेको निसीखोलामा वडा नं ५ र ६ मा मात्र खाम भाषा बोल्ने गरिन्छ ।

अन्य वडामा भने नेपाली भाषामै पाठ्यपुस्तक तयार गरेर लागू गरेको निसीखोला गाउँपालिकाका शिक्षा शाखाप्रमुख विष्णुप्रसाद न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार अन्य वडाका विद्यालयमा पढाइ हुने विषयवस्तु एउटै भए पनि दुई वटा वडाका १६ विद्यालयमा 'मगर खाम भाषा' पाठ्यपुस्तक पढाइ हुने गरेको छ । पालिकाभर ४५ विद्यालय भए पनि २९ विद्यालयमा नेपाली भाषमा पढाइ हुने उहाँले बताउनुभयो । अहिले कक्षा १ मा स्थानीय पाठ्यपुस्तक लागू गरेको भन्दै शैक्षिकसत्र २०८२ मा कक्षा २ र ३ मा पनि पठनपाठन गराउने शाखा प्रमुख न्यौपाने बताउनुहुन्छ ।




सोहीअनुसार पाठ्यपुस्त छपाइको काम भइरहेको उहाँले जानकारी दिनुभयो । न्यौपानेले भन्नुभयो, "निसीखोलामा विभिन्न जातजातिका बसाइ छ, यहाँ खासगरी वडा नं ५ र ६ मा मगर खाम भाषा बोल्ने गर्नुहुन्छ, अन्य वडामा त्यो भाषा बोल्नुहुन्छ, अहिले हामीले लागू गरेको पाठ्यपुस्तकको विषयवस्तु सबै एउटै हो, वडा नं १, २, ३, ४ र ५ का बालबालिकाले नेपालीमै पढ्छन् भने दुईवटा वडाका विद्यार्थीले मगर खाम भाषामा पढ्छन् ।" न्यौपानेले कक्षा १ देखि ८ सम्म पाठ्यक्रम तयार भएको भन्दै पाठ्यपुस्तक प्रत्येक वर्ष छपाइ गर्ने र लागू गर्दै जाने बताउनुभयो ।

खाम भाषाको पुस्तक तयार गर्न मगर प्रतिष्ठानबाट चार जना र स्थानीय सात जना विज्ञ परिचालन गरेको उहाँको भनाइ छ । पाठ्यपुस्तक तयार गर्न केही अप्ठ्यारो परेको न्यौपानेले सुनाउनुभयो।पाठ्यपुस्तकमानिसीखोलाको जनजीवन, पर्यटन, परम्परा, संस्कृति, कृषि, पशुपालनलगायत विषयवस्तु समावेश गरिएको छ । निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले खाम भाषा सङ्कटमा पर्न थालेपछि संरक्षणका लागि पाठ्यपुस्तक बनाएर विद्यालयमा पढाउन थालेको बताउनुभयो । पछिल्लो समय बालबालिकालाई सहरबजार लगेर पढाउने प्रचलन बढेपछि खाम भाषा लोप हुने अवस्थामा पुगेको उहाँको भनाइ छ । गाउँपालिकाले भाषा संरक्षणका लागि विज्ञसमेत खटाएर पाठ्यक्रम र पाठ्यपुस्तक बनाउन थालेको अध्यक्ष घर्तीमगरले बताउनुभयो ।

# मनाङका ९० किशोरीले लगाए एचपिभी खोप

पोखरापत्र संवाददाता
मनाङ, १ चैत

हिमाली जिल्ला मनाङका ९० किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप लगाइएको छ । फागुन १८ देखि जिल्लामा खोप अभियान सञ्चालन गरिएको हो ।

जिल्लाका खोपका लागि पहिचान गरिएका एक सय नौ किशोरीमध्ये ९० किशोरीलाई लगाइएको प्रदेश जनस्वास्थ्य कार्यालयका खोप अधिकृत राजेन्द्र श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार २१ किशोरीले भने जिल्ला बाहिर नै खोप लगाएका छन् । जिल्लाका १० देखि १४ वर्ष उमेर समूहका किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप लगाइएको उहाँले बताउनुभयो । खोप अधिकृत श्रेष्ठले भन्नुभयो, "जिल्लाभित्रका किशोरीलाई जिल्लामा तोकिएका केन्द्रबाट खोप लगाइयो भने बाहिर रहेका किशोरीले बाहिरी जिल्लाकै खोप केन्द्रबाट खोप लगाएका छन् ।" कक्षा ६ देखि १० सम्मका अध्ययनरत एक सय तीन किशोरीलाई एचपिभी खोप पहिचान गरिएको उहाँले बताउनुभयो । श्रेष्ठले भन्नुभयो, "विद्यालयमा अध्ययनरत एक सय तीन किशोरी र विद्यालय नजाने १० देखि १४ वर्ष उमेर समूहका छ गरी एक सय नौ किशोरी एचपिभी खोपका लागि पहिचान गरिएको थियो, २१ जनाले बाहिरी जिल्लाबाट खोप लगाएको जानकारी प्राप्त भएको छ ।" मनाङको डिस्याङ, नार्पाभूमि, चामे र नासोँ गाउँपालिकामा पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप लगाउनका लागि खोप केन्द्र तोकिएको थियो। जिल्लामा दुई सय थान खोप जिल्लामा भित्रिएकामा ९० थान मात्रै प्रयोग भएको उहाँको भनाइ छ । गत फागुनको १८, १९ र २० गते डिस्याङको अन्नपूर्ण माध्यमिक विद्यालय, चामेको लोकप्रिय माध्यमिक विद्यालय, गौरीशङ्कर आधारभूत विद्यालय र नासोँको प्रकाश ज्योति माध्यमिक विद्यालयको खोप केन्द्रबाट खोप लगाइएको प्रदेश जनस्वास्थ्य कार्यालय मनाङका प्रमुख रविना ठगुनाले बताउनुभयो । खोप कार्यक्रम सञ्चालनका लागि सबै पालिकाका स्वास्थ्य शाखा प्रमुख, सबै पालिकामा रहेको २४ वटै स्वास्थ्य संस्थाका प्रमुख, जिल्ला जनस्वास्थ्य कार्यालय मनाङ र जिल्ला आयुर्वेदिक अस्पताल मनाङको प्रत्यक्ष सहभागितामा खोप लगाइएकोहो।नासोँगाउँपालिका-५ स्थित प्रकाशज्योति माध्यमिक विद्यालय, चामे गाउँपालिका-१ स्थित गौरीशङ्कर माध्यमिक विद्यालय, चामे गाउँपालिका-४ स्थितलोकप्रियमाध्यमिकविद्यालय र मनाङ डिस्याङ गाउँपालिका-६ स्थित अन्नपूर्ण माध्यमिक विद्यालयमा खोप केन्द्रबाट किशोरीलाई एचपिभी खोल लगाइएको कार्यालयले जनाएको छ।

# रेसमा लिला प्रथम, डोरीतानमा सूर्यतारा र दिदीबहिनी फाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, १ चैत



दोस्रो संस्करणको सूर्य तारा खेल महोत्सव २०८१ अन्तरगत शुक्रबार सय मिटर खुला महिला 'स्लो' स्कुटर रेस प्रतियोगिता सञ्चालन भयो ।

'स्लो' स्कुटर रेस प्रतियोगितामा लिला कुमारी चोचाङ्गी पुर्जा ४ मिनेट २ दशमलव १८ सेकेन्डमा दूरी पुरा गर्दै प्रथम भएको नेपाल खेलकुद महासङ्घ कास्कीका अध्यक्ष ईश्वर अधिकारीले जानकारी दिए । उनले १९ हजार रुपैयाँ सहित मेडल र प्रमाणपत्र हात पारिन् ।

यसैगरी ३ मिनेट २४ दशमलव ६८ सेकेन्डमा दूरी पुरा गर्दै सन्जु लामिछाने द्वितीय बनिन् । कुल ४२ जनाले भाग लिएकोमा नवौँ स्थानसम्म आउनलाई पुरस्कार प्रदान गरिएको छ । जस अनुसार माया बूढा तृतीय, मन कुमारी बूढा सान्त्वना भए। लुकु पुन, सुस्मिता लामिछाने, सिमा गुरुङ, मेघा गुरुङ र गीता विमली समेत उत्कृष्ट ९ जना भित्र परेर पुरस्कार जित्न सफल बने । शुक्रबारका खेल प्रतिनिधि सभाका सदस्य दामोदर पौडेल बैरागीले शुभारम्भ गरेका थिए ।

शुक्रबार नै राष्ट्रिय खुला महिला डोरीतान प्रतियोगिता समेत सञ्चालन भएको थियो । कुल १४ टिमले सहभागिता जनाएको यो प्रतियोगितामा आयोजक सूर्य तारा क्लब र दिदी बहिनी आमा समुह फाइनलमा पुगेका छन् । डोरी तान प्रतियोगिताको फाइनल शनिबार हुनेछ । डोरीतानमा प्रथम हुनेले ३३ हजार ३ सय ३३ र द्वितीय हुनेले २२ हजार २ सय २२ रुपैयाँ सहित मेडल र प्रमाणपत्र हात पार्नेछन् । लालिगुराँस आमा समुह पोखरा ३० र बाग्लुङ समाज पोखरा २९ बीच तेस्रो हुने प्रतिस्पर्धा समेत शनिबार हुनेछ। तेस्रो हुने समुहले ११ हजार १ सय ११ रुपैयाँ सहित मेडल र प्रमाणपत्र हात पार्नेछन्।

खेल महोत्सव अन्तरगत दोस्रो संस्करणको नेकोस कप फुटबल प्रतियोगिताको उपाधिको लागि आयोजक सूर्य तार क्लब र गन्नी फुटबल क्लब भिड्ने भएका छन् । फुटबल तर्फको फाइनल खेल शनिबार दिउँसो १ बजे हुने सूर्य तारा क्लबका अध्यक्ष तथा खेल महोत्सवका संयोजक विष्णु पुनले जानकारी दिए । पुनका अनुसार शनिबार नेपाल सरकारका प्रवक्ता तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङको प्रमुख आतिथ्यतामा समापन समारोह हुनेछ । फुटबल प्रतियोगितामा प्रथम हुनेले ४ लाख ४ हजार ४ सय ४४ रुपैयाँ सहित सिल्ड मेडल र प्रमाणपत्र हात पार्नेछ। द्वितिय हुने टोलीले २ लाख २ हजार २ सय २२ रुपैयाँ सहित सिल्ड मेडल र प्रमाणपत्र पाउनेछ । वेस्ट प्लेयरलाई १५ हजार र सर्वाधिक गोलकर्तालै १० हजार रुपैयाँ सहित ट्रफी मेडल र प्रमाणपत्र हात पार्ने अध्यक्ष पुनले जनाए । फुटबल प्रतियोगितामा १० टिमको सहभागिता रहेको थियो । खेल महोत्सवमा खुला सामूहिक लोक नृत्य प्रतियोगिता, खुला टेबलटेनिस प्रतियोगिता, एथ्लेटिक्स प्रतियोगिता र जातीय सङ्घसंस्था स्तरीय झाँकी प्रदर्शनी प्रतियोगिता समेत समावेश रहेको थियो । प्रतियोगिताको मुख्य प्रायोजकमा कर्माचार्य बेक्स एण्ड फुड्स प्रालि र सह प्रायोजकमा बन्दिपुर केबल कार प्रालि रहेका छन् । प्रवर्द्धकको रुपमा पोखरा महानगरपालिका, गण्डकी प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय खेलकुद परिषद नेपाल, प्रदेश खेलकुद परिषद गण्डकी र नेपाल पर्यटन बोर्ड रहेको जनपरिचालन उपसमिति संयोजक समेत रहेका महासङ्घ कास्की अध्यक्ष अधिकारीले बताए । सूर्य तारा क्लब र नेपाल खेलकुद महासङ्घको संयुक्त आयोजनामा पोखरा २९ स्थित प्रस्तावित लेखनाथ रङ्गशालामा यो खेल महोत्सव भैरहेको छ ।

# गोरखाको इतिहास अध्ययन र प्रवर्द्धन गर्न 'स्रष्टा पदयात्रा'

पोखरापत्र संवाददाता
गोरखा, १ चैत



गोरखाको इतिहास अध्ययन र पर्यटन प्रवर्द्धनका लागि 'स्रष्टा पदयात्रा' सुरु भएको छ । देशका ३५ जना साहित्यकारहरू 'स्रष्टा पदयात्रा' का लागि शुक्रबार यहाँ आइपुगेको गोरखा नगरपालिका प्रमुख कृष्णबहादुर रानामगरले जानकारी दिनुभयो ।

उहाँले नेपाल एकीकरणको इतिहास बोकेको गोरखाको इतिहास बुझ्न र बुझाउन यस पदयात्राले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । "गोरखा ऐतिहासिक, सांस्कृतिक र धार्मिक विविधताको हिसाबले पनि अन्यन्तै सुन्दर क्षेत्र हो । देशका चर्चित साहित्यकारहरू सम्मिलित यस अभियानले तत्काल र पछि कलमको माध्यमद्वारा थप महत्व उजागर गर्न सघाउ पुग्नेछ", नगरप्रमुख रानामगरले भन्नुभयो ।

पदयात्रा नेपाल काठमाडौँका अध्यक्ष शितल गिरीको नेतृत्वमा स्रष्टा पदयात्रीहरू यहाँ आइपुगेका हुन्।पदयात्राकाक्रममा उहाँहरूले जिल्लाका ऐतिहासिक एवं पर्यटकीय क्षेत्रको स्थलगत अध्ययन अवलोकन गर्दै लेख, रचना, तथा भिडियो डकुमेन्ट्रीमार्फत उजागर गर्नुहुने छ। पदयात्रामा वरिष्ठ गजलकार ज्ञानुवाकार पौडेल, साहित्यकार खोलाघरे साइलो, शान्ति सापकोटा, हरिश कल्पित, डा बालचन्द्र मिश्रलगायतको सहभागिता रहेको छ ।

पदयात्रामार्फत गोरखाको इतिहास चिन्न र चिनाउन मद्दत पुग्ने पदयात्राको अध्यक्ष शितल गिरीले बताउनुभयो । उहाँले यहाँ जन्मिएका नेपालका प्रथम सहिद लखन थापाबारे थप जानकारी दिन आग्रह गर्नुभयो । स्थानीय कला संस्कृतिलाई जोगाउन सकेमात्र पर्यटकलाई आकर्षित गर्न सकिने अध्यक्ष गिरीको भनाइ छ । "गोरखा र गोरखनाथलाई चिनाउन सके मात्र गोरखाको इतिहास चिन्न सक्छौँ । बाहिरबाट आएका पर्यटकलाई गोरखाले के दिने भन्ने बारेमा अब योजना बनाउनुपर्छ", उहाँले भन्नुभयो,"गुरु गोरखनाथको प्रसादका रूपमा रहेको 'रोट' लाई मात्र चिनाउन सके पनि जिल्लाको पर्यटन प्रवर्द्धनमा थप टेवा पुग्न सक्छ ।" पदयात्राले गोरखा भ्रमण वर्षलाई थप उचाइमा पुऱ्याउन महत्वपूर्ण सहयोग पुग्ने नगर उपप्रमुख मसली माया थोकरले बताउनुभयो । नगरपालिकाले गोरखा भ्रमण वर्ष घोषणा गर्दै 'गोरखाः जहाँ इतिहास जीवित छ' भन्ने नाराका साथ यहाँको इतिहास प्रवर्द्धन गर्ने योजना अघि बढाएको छ ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
१९९८/०३/२० गते

स्वर्गारोहणः
२०८१/११/१९ गते

स्व. विष्णुमाया ताम्राकार

यस श्री भैरब साँस्कृतिक संरक्षण समितिका सदस्यद्वय भरत ताम्राकार र प्रदिप ताम्राकारकी ममतामयी माता **विष्णुमाया ताम्राकार**को ८३ वर्षको उमेरमा असामयीक निधन भएकोमा हामी अत्यन्त मर्माहित र स्तब्ध भएका छौं । उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै बैकुण्ठवासको कामना गर्दछौं । साथै आज १३ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनि श्री भैरवनाथसँग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

तीर्थमान प्रधानाङ्ग
अध्यक्ष एवम्
**भैरब साँस्कृतिक संरक्षण परिवार**
भैरबटोल, पोखरा